# लागुऔषध नियन्त्रण
# जिल्लास्तरीय कार्ययोजना, पाल्पा

श्रावण, २०७७

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, पाल्पा**

# लागुऔषध कार्य योजना- २०७७

**१. पृष्ठभूमिः-**

बिश्वब्यापी साझा समस्याको रुपमा र  हि आएको लागू औषधको प्रयोग नेपालमा पनि समस्याको रुपमा देखा परेको छ। नेपालमा मदिरा, सुर्तिजन्य पदार्थ एंव गाँजा चरेसको प्रयोग पनि दिनानुदिन बढ्दै गएको छ। हेरोईन तथा अफिम जस्ता लागुपदार्थको कारोबारले यो समस्यालाई अझ बढाएको छ। हाल सुईको माध्यमबाट लागूपदार्थ प्रयोगको पनि बढिरहेको छ। यसमा लागू औषधयुक्त सुई औषधि तथा सिन्थेसाईज्ड केमिकलहरु समेत लागू औषधको रुपमा प्रयोग हुनुले समस्या अझै बढ्ने क्रम जारी छ।

त्यसैगरि लागू पदार्थको अबैध ओसारपसार एंव कारोवारलाई हातहतियार तस्करीपछिको दोस्रो ठुलो अपराधको रुपमा लिईन्छ। यसको अबैध ओसार-पसार एंव नियन्त्रण गर्न कानुन कार्यान्वयन गर्ने निकायहरु क्रियाशील रहे पनि अन्तराष्ट्रिय रुपमा संगठित र सक्रिय गिरोहहरुको संजालले गर्दा यसको ओसार-पसार र नियन्त्रण गर्ने कार्य चुनौतिको रुपमा देखिएको छ। प्राकृतिक तथा व्यवसायिक रुपमै गांजा, चरेश , अफिम जस्ता लागुऔषधको उत्पादन, ओसारपसार र बिक्रि बितरण तथा फार्मेसीहरुबाट यस जिल्लामा अबैध रुपमा नियन्त्रित औषधिजन्य लागू पदार्थको बिक्रि वितरण गर्ने प्रबृति रहेकोले यसलाई नियन्त्रण गरी कानून बमोजिम कारवाहीको लागि जिल्ला प्रशासन कार्यालयले नेपाल प्रहरी, स्थानीय तह, विद्यालय, सामाजिक संघ-संस्था र अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्दै आएको छ। यस कार्यबाट अपराध नियन्त्रण तथा प्रभाबकारी अनुसन्धान गरी लागुऔषध सम्बन्धी रोकथाम, नियन्त्रण र न्यूनिकरणको लागि यो कार्ययोजना तयार गरिएको छ।

**२. लक्ष्य :**

"लागु औषध अपराध अनुसन्धान, नियन्त्रण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा परिरहेको असर न्यूनिकरण गर्दै समाजका विकृति, विसंगति हटाई समुन्नत समाज विकास गर्ने"

**३. उद्धेश्य :**

- लागू पदार्थको खेती नष्ट गर्ने तथा लागू पदार्थको उत्पादन, संचय र भण्डारण हुन नदिने।
- लागूपदार्थको ओसारपसार र बिक्री वितरणमा नियन्त्रण गर्ने र सो प्रयोजनका लागि बिभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने।
- दुर्व्यसनी तथा सेवनकर्ताहरूको उचित ब्यवस्थापन र पुनस्थापना गर्ने।
- जोखिम समुहमा लागुऔषधको प्रयोग (Incidence of Drug Abuse) लाई न्यूनीकरण गर्ने।

**४. कार्ययोजना:-**

| सि.नं. | कार्यक्रम तथा क्रियाकलापहरू | अनुगमन तथा प्रभावकारिताको सूचक | जिम्मेवार इकाई | अनुगमन तथा सुपरीबेक्षण इकाई | समय सीमा |
|---|---|---|---|---|---|
| **१. लागूऔषधको खेती (Cultivation) र उत्पादन (Production) मा नियन्त्रण गर्ने ।** | | | | | |
| **१.१ लागूऔषधको खेती (Cultivation) नष्ट गर्ने ।** | | | | | |
| | ▪ प्रभावकारी रुपमा सुचना संकलन गरी लागु औषधको (गाँजा,अफिम) खेती हुने क्षेत्रहरुको पहिचान गरि उत्पादनको प्रारम्भिक बिन्दुमामा नै खेती नष्ट गर्ने तर्फ आवस्यक व्यवस्था मिलाउने । | नष्ट गरेको क्षेत्रफल तथा परिमाण र किसीम | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | खेती हुने समयमा |
| **१. २ लागूऔषधको उत्पादन (Production) मा नियन्त्रण गर्ने ।** | | | | | |
| | ▪ लागु औषध (गाँजा, अफिम) को उत्पादन तथा प्रशोधन हुने स्थानहरुको प्रभावकारी सुचना संकलनबाट पहिचान गरि आपूर्तिको प्रारम्भिक बिन्दुमा बरामद तथा नष्ट गर्ने तर्फ आवस्यक व्यवस्था मिलाउने । | नष्ट वा बरामद गरेको परिमाण , प्रशोधन औजार तथा रसायन र लागु औषधको किसीम | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | निरन्तर |
| १.३ | ▪ अवैध मदिरा उत्पादन ,ओसार पसार,संचय तथा भण्डारण एवं बिक्रि वितरणलाई नियन्त्रण गर्ने। | नष्ट वा बरामद गरेको परिमाण | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | निरन्तर |
| **२. लागूऔषध ओसारपसार, संचय र भण्डारण तथा खरिद बिक्रीमा नियन्त्रण** | | | | | |
| **२.१ लागूऔषधको ओसारपसार नियन्त्रण कार्यक्रम ।** | | | | | |
| | ▪लागूऔषधकोओसारपसार गर्ने / ब्यक्ति,समुह तथा क्षेत्र र सीमा नाकाहरुको पहिचान गरी निरन्तर निगरानी गरी औषधीजन्य लागूऔषधको सीमापारीबाट हुने ओसार पसार तथा आपूर्ति वा भित्रिने कार्यलाई नियन्त्रण गर्न Trans Boarder Counter Parts संग समन्वय गर्ने । | ओसारपसारमा आएको तुलनात्मक कमी, बरामद परिमाण, किसिम, पक्राउ संख्या | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | पाक्षिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | ▪ लागूऔषधको ओसारपसार गर्ने ब्यक्ति, समुह तथा क्षेत्र र जिल्ला सीमा नाका तथा स्थानहरुको पहिचान गरी निरन्तर निगरानी गरी औषधीजन्य तथा अन्य लागूऔषधको ओसार पसार तथा आपूर्तिलाई नियन्त्रण गर्न जिल्ला लागुऔषध नियन्त्रण समितीको अगुवाईमा सम्पूर्ण प्रहरी ईकाईहरु एकसाथ एकिकृत रुपमा परिचालन हुने । | बरामद गरेको परिमाण , पक्राउ तथा कारवाहीको बिवरण | कार्यालय प्रमुख, जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | हप्तामा एक पटक हुने गरी निरन्तर |
| **२.२ लागूऔषधको संचय तथा भण्डारण नियन्त्रण कार्यक्रम ।** | | | | | |
| | ▪ लागूऔषधको ओसारपसार तथा कारोवार गर्ने ब्यक्ति, समुहको Link Chart तयार गरी सोबाट संचय गर्ने व्यक्ति, समूह तथा स्थानको पहिचान गरी बरामद र कारबाही गर्ने । | बरामद गरेको परिमाण , पक्राउ तथा कारवाहीको सँख्यागत बिवरण | " | " | " |
| **२.३ लागूऔषधको बिक्री बितरण नियन्त्रण कार्यक्रम ।** | | | | | |
| | ▪ लागूऔषधको ओसारपसार तथा कारोवार गर्ने ब्यक्ति,समुह तथा दुर्वशनीहरुको Link Chart तयार गरी सोबाट बिक्री बितरण गर्ने व्यक्ति, समूह, स्थान तथा औषधीजन्य लागुऔषधको अवैध कारोवार गर्ने औषधी पसलको पहिचान गरी कारबाही गर्ने । | बरामद गरेको परिमाण, पक्राउ तथा कारवाहीको सँख्यागत बिवरण | " | " | " |
| **३. लागूऔषधको दुर्व्यसन नियन्त्रण कार्यक्रम ।** | | | | | |
| | ▪ लागूऔषध दुर्ब्यसनीमा फसेका ब्यक्ति तथा समूहहरुको पहिचान गरी निजहरुको पुर्नस्थापना तथा सचेतनाको लागी लक्षित समुहगत परामर्श कक्षा तथा सेवा संचालन गर्ने ।<br>▪ लागूऔषध दुर्ब्यसनीमा फसेका ब्यक्ति तथा समूहहरुको पहिचान गरी उनीहरुका गतिबिधिहरु उपर निगरानी राख्ने र दुर्व्यसनीहरुको सर्वोत्तम हितलाई ध्यानमा राखी अभिभाबकहरुको परामर्शमा पुर्नस्थापना केन्द्र (Rehabilitation centre) मा पठाउने व्यवस्था मिलाउने ।<br>▪ पुनस्थापना केन्द्रबाट सुधारिएकाहरु पुन सो कार्यमा संलग्न हुन सक्ने भएकोले पुर्व लागुऔषधकर्मीहरु र अभिभावकहरुको संजाल निर्माण गरि आपसी अन्तरक्रिया समेत गराई सामाजिक उत्तरादायित्व बहन गराउन सामाजिक पुनर्एकिकरणका कार्यक्रम संचालन गर्ने । | परामर्श सेबा संचालन संख्या र सहभागी संख्या, पुनस्थापना केन्द्रमा पठाएको संख्या तथा सामाजिक पुनर्एकिकरणको संख्या र अबस्था । | जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | हप्तामा एक पटक हुने गरी निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| **४. लागूऔषध बिरुद्ध जोखिम पर्न सक्ने तथा अन्य सरोकारवाला सबैका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।** | | | | | |
| **४.१. बिद्यालय तथा क्याम्पसमा आधारित कार्यक्रम संचालन गर्ने ।** | | | | | |
| | जिल्ला प्रहरी कार्यालय तथा मातहत ई.प्र.का.स्तरसम्मको प्रहरी ईकाईहरुले<br>▪ बिद्यार्थिहरुमा लागूऔषध बिरुद्ध सचेतना र जागरण जगाउन शिक्षकलाई तालिम संचालन गर्ने ।<br>▪ बालक्लब गठन गरि उक्त क्लबको सहकार्यमा अभिभाबक संघ तथा बिद्यालयहरुको छाता संगठनहरु तथा अन्य सरोकारवाला निकायसंगको समन्वयमा नाटक, बृतचित्र प्रर्दशन तथा लागुऔषध दुर्व्यशन, नियन्त्रण सम्बन्धि सचेतनामूलक अभिभूखिकरण कार्यक्रम संचालन गर्ने । | तालीम र सचेतना कार्यक्रम सचालित संख्या र सहभागी संख्या । | " | " | हप्तामा एक पटक हुने गरी निरन्तर |
| **४.२. लागूऔषधको नियन्त्रणको लागि समुदायमा आधारित कार्यक्रम संचालन गर्ने ।** | | | | | |
| ४.२.१ | ▪ जोखिमयूक्त महिला,अभिभावक तथा यूवा समुहलाई लक्षित गरी लागूऔषध सम्वन्धि सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>▪ आमा समुह, यूवा क्लव, बाल क्लव, चेलिबेटी समुह, अन्य पेशागत संघ संस्थाहरुलाई लागूऔषध बिरुद्धको दवाव समुहको रुपमा समेत परिचालन गर्न अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । | जोखिमयूक्त समुहमा संचालन गरेको सचेतना कार्यक्रम तथा सहभागी संख्या र दवाब समुहको अभिमुखिकरण र परिचालनको संख्यागत अवस्था | " | " | हप्तामा एक पटक हुने गरी निरन्तर |
| ४.२.२ | ▪ जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी ईकाईहरुले आफ्नो कार्यालय, वजार ईलाका तथा मानिस भिडभाड हुने अन्य कार्यालयहरुमा समेत सूचनामुलक होडिङ बोर्डहरु राख्ने | होडिङ वोर्डहरु राखेको संख्या | " | " | एक महिना भित्रमा |
| **४.३. लागु औषध नियन्त्रण सम्बन्धी कारागार लक्षित विशेष कार्यक्रम संचालन गर्ने ।** | | | | | |
| | ▪ लागूऔषध अपराध र दुर्व्यसनका बारेमा कारागारका कैदीहरुमा मनोसामाजिक धारणामा परिबर्तन ल्याउन लागुऔषध सम्वन्धित प्रचलित कानूनको जानकारीमूलक सचेतना कार्यक्रम तथा परामर्श सेवा संचालन गर्ने । | संचालित कार्यक्रमको संख्या र सहभागी संख्या | जिल्ला प्रहरी कार्यालय तथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | मासिक एक पटक निरन्तर |
| **४. ४. सडक बालबालिकाहरु प्रति लक्षित कार्यक्रमहरू संचालन गर्ने ।** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ▪ सडक बालबालिकाहरूलाई विभिन्न सडक नाटक पर्चा,पम्पलेट,गीत संगीतको माध्यमबाट लागु औषध विरूद्ध चेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>▪ लागूऔषधबाट प्रभाबित वालवालिकाहरुलाई संरक्षकत्व तथा पुनस्थापना गर्न सहयोगी हुने कार्यक्रम संचालन गर्ने । | सचेतना कार्यक्रम र सहभागी संख्या तथा संरक्षकत्व र पुनस्थापना गरेका सडक बालबालिकाहरूको संख्या । | जिल्ला प्रहरी कार्यालय तथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | मासिक रुपमा एक पटक निरन्तर |
| **४. ५. लागु औषध विरूद्धको अभियानमा आमसंचारका माध्यमहरूलाई परिचालन गर्ने र सुचना प्रवाहमा व्यापकता ल्याउने ।** | | | | | |
| ४.५.१ | ▪ लागूऔषध विरूद्ध जनचेतना जगाउन आम संचारकर्मीहरूलाई अभिमुखीकरण गर्ने । | अभिमुखीकरण र सहभागी संख्या | जिल्ला प्रहरी कार्यालयतथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | त्रैमासिक रुपमा एक पटक निरन्तर |
| ४.५.२ | ▪ लागूऔषध सम्वन्धी जानाकारी, सचेतना तथा खोजमुलक सामाग्री पत्रपत्रिकाहरुमा प्रकासन गर्ने गराउने । | प्रकाशित पत्रपत्रिकाको किसीम र पटक संख्या | " | " | निरन्तर |
| ४.५.३ | ▪बिभिन्न चेतनामुलक श्रव्य, दृष्य तथा चलचित्र सामाग्री उत्पादन गर्न प्रोत्साहित गर्ने, प्राप्ती गर्ने र आम बिद्युतिय माध्यमबाट प्रसारण गर्ने गराउने । | बिद्युतिय सामाग्रीको उत्पादन र प्रसारण पटक संख्या तथा किसीम | " | " | निरन्तर |
| **५. सरोकारवाला निकायहरु बिचको सहकार्यमा जोड दिने** | | | | | |
| | ▪ लागु औषध रोकथाम तथा नियन्त्रणसँग सरोकार राख्ने बिभिन्न निकायहरू तथा अनुसन्धानमा सम्लग्न निकायहरु बीच प्रभाबकारी सहकार्य र समन्वय गर्ने ।<br>▪ औषधीजन्य नियन्त्रित लागु औषध तथा मनोद्धिपक पदार्थको अवैध बिक्री बितरणमा रोक लगाउन प्रभाबकारी अनुगमन गर्ने गराउने । | समन्वय र सहकार्यका बैठक संख्या , अनुगमन संख्या तथा उपलब्धीहरु । | जिल्ला प्रहरी कार्यालयतथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | मासिक ( निरन्तर ) |
| **६. अनुगमन र मूल्याङ्कन** | | | | | |
| | ▪ जिल्ला प्रशासन कार्यालयबाट लागूऔषध नियन्त्रण तथा दुर्व्यसन र सचेतनाका लागि गरिएका कार्यहरूको अनुगमन र मुल्यांकन विशेष जोड दिने । | अनुगमनको संख्या र तथ्यगत बिवरण तथा पुरस्कार र सँजायको संख्या । | जिल्ला प्रहरी कार्यालयर मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | त्रैमासिक (निरन्तर ) |